स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अमिताभ बच्चनकी नातिनी आराध्या बच्चन पुन: एक पटक दिल्ली उच्च अदालत पुगेकी छन्। यसअघि, सन् २०२३ मा आराध्याले युट्युब र गुगलमाथि उनको स्वास्थ्यसँग जोडिएको फर्जी खबर प्रकाशित गरेको आरोप लगाएकी थिइन्। उनले अदालत पुगेर यस्ता खबर प्रकाशन गर्न रोक लगाउन माग गरेकी थिइन्।

**आजको विचार...**



जगन्नाथ पन्त

हामी... (दुई पेजमा)



टिजर, गीतसंगीत र ब्रेकअप कविताका कारण दर्शकको ध्यान तान्न सफल फिल्म 'दु:खी आत्मा'को ट्रेलर सार्वजनिक गरिएको छ। ट्रेलरमा समावेश गरिएको एक कवितामा भनिएको छ-'नदीले बगरलाई सोधिन्, के तिमीलाई प्यास लाग्दैन। बगरले नदिलाई जवाफ दिइन् 'युगौंदेखि म आँखाले प्यास मेटेर बाँचिरहेछु।' यो कविताले पनि फिल्मले कस्तो भन्न खोजेको हो बुझ्न सकिन्छ। रामजी लामिछानेको कोरियोग्राफी रहेको यो फिल्ममा श्रवण मुकारुङका १० कविता समावेश गरिएको छ।

❐ वर्ष ३० ❐ अंक १९३ ❐ २०८१ माघ २३ गते बुधबार 5 February 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा विपद्बाट ४ जनाको मृत्यु, ५ करोड २६ लाख बढीको क्षति

रामचन्द्र रायमाझी

**पाल्पा**, माघ २२/पाल्पामा विपद्बाट ४ जनाको मृत्यु भएको छ । विपद्का विभिन्न घटनामा परी ११ महिनामा ४ जनाको ज्यान गएको हो ।

यहाँ चालु आर्थक वर्षको पुस २९ गतेसम्म विपद्का घटनाबाट ४ जनाको ज्यान जानुको साथै ७ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दका अनुसार २०८०/११/७ देखि २०८१/०९/ २९ गते सम्म आगलागीबाट एक जना, चट्याङबाट एक जना, डुवानबाट एक जना र हावाहुरीबाट एक जनाको ज्यान गएको हो । उक्त अवधिमा आगलागीबाट ४ जना घाइते भएका छन् ।

यस्तै चट्याङबाट एक, पहिरोबाट एक र हावाहुरीबाट एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यस्तै सोही अवधिमा विभिन्न विपदका घटनामा परी एक सय १८ पशुचौपाय समेत ज्यान गएको छ । एसपी चन्दका अनुसार आगलागीबाट १ सय ३, पहिरोमा परी ८ र अविरल वर्षाका कारण ७

**बिपद् क्षतिको विवरण**

मिति २०८०/११/०७ गते देखि मिति २०८१/०९/२९ गतेसम्म

| सि.नं. | विपदको प्रकार | विपद कुल घटना संख्या | प्रहरी जनशक्ति परिचालन | मानिस क्षती | | चौपाया | | घर | घर जोखिम | गोठ | सरकारी कार्यालय | सवारी साधन | अन्य | क्षती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मृत्यू | घाईते | मृत्यु | घाईते | | | | | | | |
| १ | आगलागी | १०० | ३४३ | १ | ४ | १०३ | ५ | ३९ | ० | ६९ | ० | १ | ९ | ४९०९३००० |
| २ | चट्याङ | २ | ९ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | - |
| ३ | बाढी/डुबान | ५ | १७ | १ | ० | ० | ० | ९ | ० | ० | ० | ० | २ | - |
| ४ | पहिरो | ३९ | १०२ | ० | १ | ८ | ० | १५ | ३१ | ३ | ० | ६ | | १७७००० |
| ५ | अबिरल बर्षा | ५४ | १३८ | ० | ० | ७ | ० | २८ | २६ | ७ | ० | ० | ४ | ३२९५००० |
| ६ | हावाहुरी | २४ | ८३ | १ | १ | ० | ० | १८ | ० | ४ | ४ | ४ | १४ | १५०००० |
| | जम्मा | २२४ | ६९२ | ४ | ७ | ११८ | ५ | १०९ | ५७ | ८३ | ४ | ११ | २९ | रु ५,२६,९१,५०० |

*स्रोत : जिल्ला प्रहरी कार्यालय पाल्पा*

पशुचौपयाको ज्यान गएको हो । उक्त घटनामा ५ वटा पशुचौपया भने घाइते भएका छन् । यस्तै सोही अवधिमा १ सय ९ घरमा क्षति पुगेको छ भने ५७ घर जोखिममा परेका छन् । आगलागीमा परी ३९ घर जलेका छन् भने डुवानबाट ९, पहिरोमा परी १५, अविरल वर्षाका कारण २८ र हावाहुरीबाट १८ घरमा क्षति पुगेको छ । यस्तै विभिन्न विपदबाट ८३ गोठमा क्षति पुगेको छ । सबै भन्दा बढी आगलागीबाट क्षति पुगेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । जहाँ आगलागीबाट मात्रै ६९ गोठ जलेका छन् । यस्तै हावा हुरीबाट ४ वटा सरकारी कार्यालय, आगलागी, पहिरो र हावाहुरीबाट ११ सवारी साधानमा समेत क्षति पुगेको पाइन्छ । ११ महिनाको अवधिमा यस्ता विभिन्न विपदबाट जिल्लामा ५ करोड २६ लाख ९१ हजार ५ सय बराबरको क्षति भएको छ । जहाँ सबै भन्दा बढी लागलागीबाट भएको हो ।४ करोड ९० लाख ९३ हजार आगलागीबाट क्षति पुगेको छ । यस्तै पहिरोबाट १ लाख ७७ हजार, अविरल वर्षाका कारण ३२ लाख ९५ हजार र हावाहुरीबाट १ लाख ५० हजार बराबरको क्षति पुगेको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

## संक्षिप्त समाचार

### बैङ्कमा आक्रमण हुँदा ५० को मृत्यु

(रासस/एएफपी)

**जेरुसेलम**, माघ २२/इजरायल डिफेन्स फोर्स (आईडीएफ) ले पन्ध्र दिन अघि उत्तरी वेस्ट बङ्कमा सुरू गरिएको आक्रमणमा हालसम्म ५० प्यालेस्टाइनी लडाकु मारिएको दाबी गरेको छ । जेनिन, तुल्करेम र तामुन क्षेत्रमा कारबाहीका क्रममा ३५ लडाकु मारिएको आइडीएफले जनाएको छ भने अन्य १५ जना ड्रोन आक्रमणमा मारिएका छन् । आइडीएफले यी कारबाहीका क्रममा सर्वसाधारणलाई निशाना बनाएको पनि स्वीकार गरेको छ । आईडीएफले हाल १०० प्यालेस्टाइनी लडाकुलाई नियन्त्रणमा लिएको र ४० भन्दा बढी हतियार बरामद गरेको छ । 'अपरेसन आइरन वाल' को क्रममा ८० भन्दा बढी विस्फोटक पदार्थलाई पनि निष्क्रिय पारिएको आइडीएफले जनाएको छ । अपरेसन २१ जनवरीमा सुरु गरिएको थियो । सेनाले उक्त अपरेसन आगामी केही हप्तासम्म जारी रहने जनाएको छ ।आइडीएफले जेनिन शरणार्थी शिविरका २३ वटा भवन ध्वस्त पारेको छ, जसलाई लडाकूहरूले आफ्नो कार्यका लागि प्रयोग गरेका थिए । यसैबीच इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु अमेरिका प्रस्थान गरे । युद्धमा हामीले गरेका निर्णयहरूले मध्यपूर्वको अनुहार बदलिसकेको छ ।

# प्रेस चौतारी पाल्पाको अध्यक्षमा पुन: कार्की



**पाल्पा**, माघ २२/नेकपा एमालेनिकट पत्रकारहरूको संगठन प्रेस चौतारी नेपाल पाल्पा शाखाको जिल्ला अधिवेशन भएको छ । चौतारीको तानसेनमा नवौं जिल्ला अधिवेशन भएको हो ।

अधिवेशनले आगामी तीन वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गरेको छ । जसको अध्यक्षमा कृष्ण कार्की पुन: निर्विरोध निर्वाचित भएका छन् । तीन वर्षमा सगठनलाई बलियो र चलायमान बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका कारण कार्कीले पुन: अध्यक्षको जिम्मेवारी प्राप्त गरेका हुन् । उनको अध्यक्षतामा १३ नयाँ कार्यसमिति गठन भएको छ । जसको उपाध्यक्षहरुमा शोभाकान्त पाठक, रिमा सोमै, सचिवमा दयाराज न्यौपाने सह-सचिवमा भुवन रायमाझी, कोषाध्यक्षमा नेत्र गैरे चयन भएका छन् । यस्तै सदस्यहरुमा खेमराज पाण्डे, जनकराज भट्टराई, सुवास विसी, गुणवती केसी, प्रेम वाकाबल, खुमबहादुर पौडेल, सुमित्रा कंडेल रहेका छन् । अधिवेशनले प्रदेश र केन्द्रीय प्रतिनिधि समेत चयन गरेको छ । प्रदेश प्रतिनिधिमा गीता ज्ञवाली, नवराज ज्ञवाली र केन्द्रीय प्रतिनिधिमा बन्दना पोखरेल, सन्तोष बस्याल, टिकाराम बस्याल रहेका छन् ।


# सरस्वती पूजामा रमाए विदेशी पर्यटक

जगदीश भट्टराई









**पाल्पा**, माघ २२/वसन्त पञ्चमीको रौनक छाएको थियो । सरस्वती पूजामा मस्त अभिभावक र विद्यार्थीविच विद्यालयको सरस्वती पूजामा विदेशी पाहुना आई पुग्दा माहोल वसन्तमयी बन्न पुग्यो । विद्यालय परिसरमा अभिभावक र नानी बाबुहरु लामबद्ध पूजा सकेर सरस्वतीको जय जयकार गर्दै थिए । टुप्लुक आई पुगे, तीन विदेशीका साथ एक स्वदेशी ।

दृश्यहरु कुनै कथाकारका कथाबाट उदृत गरिएका होईनन् । यो पाल्पा प्यारागन इंग्लीस बोर्डिङ स्कूल तानसेनमा सोमबार विहान वसन्तपञ्चमीको अवसरमा आयोजित सरस्वती पूजा गर्दै गर्दा देखिएका दृश्य हुन । एका एक विद्यालय प्राङ्गण रमाई रहेको भान हुन्यो । तस्वीर खिच्ने र टीका लगाउने आर्शिवाद लिने दिनेहरुको मुहारमा वसन्तका बाछिटाले छ्याप्दै गर्दा विदेशीहरुले फोटो खिची रहे । ओ, नमस्ते ! भन्दै गरेका मधुरस्वर वाणीहरु सरस्वती माताको अनुकम्पा जस्तो लाग्थ्यो । फ्रान्सेली जेरोमे, इटालीका जाईकोमो र जुलीयाले घण्टौ समय खर्चेर स-साना नानी बाबुहरुसँग रमाए, अनि स्कूलका हरेक कक्षा कोठाको अवलोकन गरेर शिक्षाको गुणस्तर बारे छलफल समेत गरे । यी सबै दृश्यहरु नियाली रहेका तानसेनका पर्यटन व्यवसायी धनिश्वर बस्यालले यो बर्षको वसन्त पञ्चमी साक्षात सरस्वती पूजाको अनुमकम्पा जस्तै आभाष भएको बताए । उनले विदेशी पर्यटकहरुप्रति लक्षित गर्दै भने 'उनीहरु शिक्षा क्षेत्रका अनुभवी र हाम्रो संस्कृति र परम्परालाई माया गर्ने भएका कारण यो सहभागिताको संजोग जुरेको हो ।' 'वसन्त पञ्चमीमा प्राय: सबै शिक्षण संस्थामा पूजा र आराधना हुने गर्छ, हामी पनि बर्षेनी पुजा गर्छौ, तर यो बर्ष अलिक फरक भयो, किन कि तीनै जना विदेशी पाहुनाहरु शिक्षा र बाल मनोविज्ञानका विषयमा जानकार भएका कारण खुसी भयौं' स्कूलका प्रिन्सिपल गंगाबहादुर खत्रीले भने । हामी र हाम्रा नानी बाबुहरुको लागि यस्तै साइत जुराएर, तानसेन घुम्न आउँने पर्यटकहरुको सहभागिता रहँदै जाने हो भने मात्र तानसेन शिक्षा, स्वास्थ्य र पर्यटनको केन्द्र बन्न सक्छ । धेरै अभिभावकको मनबाटै यही कुरा आई रहेको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## राजनीतिक तरलता

राजनैतिक तरलता अहिले व्यापक रुपमा बढ्दै गएको छ । मुलुकमा अहिले सम्मकै सबै भन्दा बढी तरल राजनीतिक अवस्था यो पटक बढेको महशुस गरिएको छ । अहिले आजै अनि भोली के हुन्छ भन्न र आकंलन गर्न सक्ने अवस्था नै नदेखिएका कारण मुलुकको राजनैतिक अवस्था अत्यन्त्यै तरल भएको देखिन्छ । यस्तो अवस्थामा न मुलुकको आर्थिक विकास हुन सक्छ नत स्थिर राजनैतिक चरित्र भएको सरकार टिकी राख्ने परिकल्पना नै गर्न सकिन्छ ।

जान्नेलाई छान्ने,मान्नेलाई छान्ने, विभिन्न परिदृश्यहरुले नेपाली जनताको मनमस्तिस्कलाई मथि रहेको पाईन्छ । जसका कारण जनता निराश मात्रै होइनन्, आशावादी पनि हुन सकेका छैनन् । किन भएनन्, यो विषय आफैमा अत्यन्तै गम्भीर बन्दै गएको आभास हुन्छ । देश बनाउने नाउमा, राजनैतिक विचारहरु एकिकृत हुन सकेका छैनन् । सरकार टिकाउँने नाममा वाक स्वतन्त्रताको चीरहरण गर्ने प्रयास गर्ने सरकारको शैलीले पनि जनमानसमा निराशाका बादलहरु भरिएका हुन् । विकासका नाममा विवाद, वाद विवाद गर्नै पर्ने ठाउँका अप्राकृतिक मिलन कति दिनका लागि हो ? भन्ने जिज्ञासाले मस्तिस्कमा मथिंगल मच्चाई रहेको छ । प्रयास पनि नभएका होईनन्, यो भन्दा बढी प्रयास विगतमै गर्नुपर्ने थियो अहिले धेरै ढीला भईसक्यो, अब परिणाम नआए मुलुकको राजनैतिक तरलता अझै दिन प्रतिदिन बढ्दै जाने र एउटा यस्तो समय आउँने छ कि, जनताले नेता र पार्टी प्रतिको आफ्नो आस्था र विश्वास गुमाउन बाध्य हुने छन् । संसदमा बहुमत भएर मात्रै पुग्ने भए हिजो माओवादी र एमालेसँगै हुँदा पनि थियो त्यो केवल गणितीय पद्धती मात्र रहेछ । अब त जनताको भावनामा बहुमत हुनुपर्ने हुन्छ र नेतामा इमानदारिताको बहुमत चाहिन्छ । अन्यथा विगतका कमजोरी र वर्तमानका अहमताका दुवै लौराहरु लोकतन्त्र माथि बजारिने खतरा रही रहन्छ । दल नयाँ र पुराना जो जे भए पनि जनताका पक्षधर नभएका कारण अहिले राजनैतिक तरलता बढेको हो । यसले राजनीतिक दलहरुलाई नै हानी गर्छ भन्ने कुरा दलहरुले नै बुझ्न जरुरी छ ।

## Opinion @ Social Network

कति सुन्दर हुन्छन् हैं कोही मान्छे,
हेरै आशा पलाउछ, नहेरौं आँखा रसाउछ ।
*(माधव गैरेको फेसबुक स्टाटस* https://www.facebook.com/Madhab.Gaire)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुख र दु:खका मानकहरु



जगन्नाथ पन्त

***नैतिक शिक्षा धर्मका विषयमा मात्र होइन, कर्मका विषयमा जोडेर पाठ्यक्रम निर्माण हुनु अति आवश्यक छ । इन्टरनेट र मोवाइलले एकालकाटे बन्न लागेका युवालाई राष्ट्रनिर्माणको एकान्तमा जोड्नु परेको छ ।***

खुसी मानिस सुखी हुन्छ र सुखी मानिस खुसी रहन सक्छ । सुखी र खुसी पूर्णरुपमा पर्यायवाची नभए पनि अति नजिकको साइनो छ यि दुईका बीचमा । धन, पद, मान, पहिचान, पहुँच शक्ति, सामर्थ्य, स्वस्थता, अपनत्व, सार्थकता सुखका स्रोत हुन सांसारिक जीवनका । सार्थकताको मूल्य अमूल्य छ । यस्ता स्रोत पर्याप्त भएमा खुसी पनि दौतरी बन्छ सुखका । तर सुखका स्रोतले भरिपूर्ण हुँदैमा मानिस खुसी नहुन पनि सक्छ । दु:खले परिवेष्टित पनि हुन सक्छ । अभाव, दवाव र भेदभावले मात्र दु:ख पैदा गर्छ भन्ने होइन कि सुख उपयोग गर्न आइपर्ने बाधा, अवरोधले झन् दु:खी बनाउँछ मानिसलाई । देखावटी असल, सालिन भलादमी तर अन्तर्य दुषित, छल कपट, लवजमा अमृत, व्यवहारमा विषका घैलाले भरिएका मानिस सुखी हुन सक्दैन । आफुले गर्नु, नगर्नु विगारेको स्वीकार नगर्ने बरु त्यसो गर्न हुँदैन भनेर अरुलाई अर्ति दिएर आदर्शवान बने जस्तो गर्नु बेइमानी हो । कर्तव्य निर्वाह गर्नबाट बच्ने जुक्तिको जालझेल भिरेर र त्यहि जालोमा फसियो भने सुखका स्रोतले पूर्ण हुँदा हुँदै पनि दु:खी भइन्छ ।

समृद्ध नेपाल सुखि नेपाली भनेर सुनेको धेरै समय भैसकेको छ । चालु सोह्रौ आवधिक योजनाले पनि समृद्ध नेपाल सुखी नेपाली लक्ष्य तय गरेको छ । चाहना गर्नु र तदनुरुप कार्य गर्नुमा दातात्म्यता हुनु पर्दछ । सबै दलका नेतागणको नेपाललाई विकसित बनाउछौं भन्ने नै छ । तर आपसमा सहकार्यको अभाव छ । मै मात्र गतिलो, अरु बदमास भन्नमै समय खर्चन्छन् । सत्ता साझेदार हुँदा गतिला, पक्ष प्रतिपक्ष भयो छट्पटी र अंहकार । सुखी र खुसी बनाउन इच्छा, चाहना पस्केर मात्र हुँदैन आवश्यकता पुरा गरेर देखाउनु पर्दछ । यहाँ तर्क गर्न सीपालु छन् तर तर्कले मात्र सम्मृद्धी आउदैन । तर्कले खान लाउन मिल्दैन । पहिले गाउँ घरमा एकघण्टा टाढा पुगेर एक गाग्री पानी भर्दा एक भारी घाँस, दाउरा जोहो गर्दा, अध्यारोमा टुँकि बालेर जातोमा मकै, गहुँ पिस्दा, ढिकीमा धान कुट्दा पनि मानिस बसेकै थिए । अहिले बिजुली वत्ती, सडक, एकघर एकधारा, कुटानी पिसानीका मिल, पावरट्रिलर पुग्दा पनि खुसी लागेन, सुखको खोजिमा सहर, सहरबाट विदेश पुगेर पनि सुख भेटाउन सकिएको छैन् । पहिले एउटाको आम्दानी परिवारका सबैको लागि उपयोगि हुन्थ्यो । छिमेकी पनि परिवार जस्ता थिए, अहिले परिवार छिमेकी जस्ता पनि रहेनन् । सुविधाका साधनको प्रतिष्पर्धा, तुलना, इर्ष्या, डाहाले भतभति पोलेर झन्झन् दुखी हुँदैछ । पदमा, मानमा, सुविधामा पटक-पटक अवसर पाएकामा सधै टिकिरहन लालषा छ, दोऱ्याउने, तेहऱ्याउने, आजीवन आफैलाई मात्र होस् भन्ने दु:खको सवार छ । तुलनात्मक रुपमा सुविधामा रहेकालाई हेरेर उनीहरु जस्तै बन्न पाए हुन्थ्यो भन्ने चाहाना असुविधा भोगेका र अवसर नपाएकाका मनमा छ । केहिलाई सामान्य दैनिकी लागेको अवसर र सुविधा अरु धेरैलाई सपना छ । राज्यको सारा सुविधा, अवसर आफ्नै लागि मात्र हो भन्ने सोचले न उ सुखी छ, न अरुलाई सुखी बनाउन चाहान्छ । न आफु खुसी छ न अरुलाई खुसी हुने काम गर्छ । यो सबै परख गरिरहेको पुस्ता उसका लागि मात्र किन बसिदिने भनेर विदेश पलाएन भैरहेको छ । हण्डर र गोता खाइरहको छ । अदक्ष मात्रै होइन स्वदेशमा दक्ष मानिएको डाक्टर, ईञ्जीनयर, नर्सिङ जनशक्ति पनि विकसित देशमा मजदुरी गर्न उद्दत छ । दृष्यको, धनको, कामको मदको भन्दा अहंकारको नशा खतरनाक हुन्छ । अति न्युनतम आवश्कता पुरा नहुँदा, अतिसार रोगले ग्रसित हुँदा जति दु:ख हुन्छ त्यो भन्दा बढी दु:ख निम्त्याउछ अहंकारले । पौराणिक दुईवटा कथाबाट अहंकारले के गर्छ प्रष्ट हुने कोशिश गरौं । लंकाका राजा रावण ज्ञानले, बलले, युक्तिले, धनले हरेक विषयले परिपूर्ण थिए । उनी शिवजीका महान अनन्य भक्त थिए । शिव भगवानको कृपा उनमा थियो । एक दिन शिवजीले आफ्नो वाहन नन्दिलाई आदेश दिएछन् कि कसैलाई पनि भित्र प्रवेश नदिनु । अनि शिवजी र पार्वतीजी नृत्यादि कृडामा मुग्ध भएछन् । अचानक रावण कैलाश प्रवेश गर्न लाग्दा नन्दीले रोक्छन् । रावण शिवलाई भेट्ने जिद्दी गर्छन् । दुबै बीच युद्ध हुन्छ । रावणले नन्दिलाई बाँदर जस्तो उफ्रने नीच, बाँदरको जत्ति पनि बल नभएको, बुद्धिहिन भन्दै शिवको परमभक्तलाई रोक्ने भनेर अपमानजनक लवज प्रयोग गर्छन् । तब नन्दिले सराप दिन्छन् कि बाँदर भनेर हेपेको छस् बाँदर जातिबाटै तेरो लंका ध्वस्त होस, तेरो वैभवको विनास बादरबबाट होस् । तब रावण रिषाई कैलाश नै उठाएर लैजान्छु भनि शिवजीको आशन मुनिको कैलाश पर्वत मुनि दुबै हात छिराएर उप्काउन लागे छन् । दुबै हातका हत्केला छिरेपछि शिवजीले चाल पाएर आफ्नो एउटा खुट्टाको बुढी औलाको टुप्पोले हल्का दवाए छन् । लाख कोसिस गर्दा पनि रावणले कैलाश उप्काउनु त परै जाओस, आफ्नो हात निकाल्न पनि सकेन्छन् । अनि चेत खुलेछ रावणको बलको वैभवको अहंकार गरेकोमा । शिवजीसँग माफी मागेर बल्लतल्ल छुटेछन् । तर अहंकारको परिणाम नन्दिको सरापले वानर फौजको सहायतामा रामबाट मारिन पुग्छन् । अर्को एउटा कथा प्रसंग जोडौं । महाभारतमा वर्णित युद्धमा पाण्डवको जीत पश्चात् शिविरबाट पाण्डवहरु फिर्ता भैरहेका थिए । पाण्डवहरुमा विजयको अभिमान थियो । त्यसमा पनि अर्जुनमा अहंकार पलाएको थियो कि त्यस युद्दको विजयको नायक मरु हुँ । जब अर्जुन चढेको रथ कुरुक्षेत्र सीमा छोड्न लाग्यो श्रीकृष्ण जो अर्जुनको रथको सारथि थिए, अर्जुनलाई रथबाट ओर्लेर अलिपर जाऊ भनी आदेश गरे छन् । धेरै पटक भन्दा पनि नमानेर उल्टै तिमी सारथि भएर मलाई आदेश गर्ने, ओर्ल नै पर्ने भए तिमी पहिले रथबाट ओर्ल भनेर अटेर गरिरहे छन् । यो सबै सुनिरहेका युद्धिठिरले अर्जुनलाई भने छन् बासुदेवले विनाकारण तिमीलाई आदेश गरेनन् होला, भनेको मान । तब अर्जुन रथबाट ओर्लेर अलि पर गएपछि श्रीकृष्ण पनि रथबाट ओर्लेर दौड्ना साथ रथमा ठूलो विष्फोट भई नाश भए छ । अनि श्रीकृष्णले भनेछन् युद्धमा विपक्षीबाट जे जति विकीरण रथमा प्रहार भएका थिए ती सबै मैले मेरो योगबलले रोकिदिएको थिए । यो रथ विषाक्त थियो, यहाँ भन्दा पर लैजानु उचित थिएन, यदि यो स्थान पश्चात् म पहिले रथबाट ओर्लन्थे भने तिमी रथसँगै समाप्त हुन्थ्यौं । अहंकार गरेकोमा अर्जुन मरेतुल्य दुखी भएछन् । हाम्रोमा कुशल सारथीको अभाव भयो, कुशल सारथी बन्न कोहि नचाहने सवार मात्र हुने मनोदशाले ग्रस्थ छौं हामी ।

***न नित्यं लभते दु:खं न नित्यं लभते सुखम्। सुखस्यानन्तरं दु:खं दुखस्यानन्तरं सुखम् ।। ( महाभारत अनुशासन पर्व)***

न सधै दुखमात्र हुन्छ न त सुखमात्र प्राप्त हुन्छ । सुखपछि दुख र दुखपछि सुख आउने जाने भै रहन्छ । सुख दु:ख मनको तृष्णामा पनि भर पर्दछ । अतृप्त तृष्णाले दुखी बनाउँछ । सन्तुष्टिले सुखी र खुसी बनाउँछ । खुसी भित्रैबाट निसृत हुनु पर्छ । प्रहसन सुनेर, हेरेर निष्कने हाँसो स्थायी खुसी होइन । हामी कति जनाले हवाईजहाज यात्रा गरेका छौं । जहाज भित्र पस्नासाथ नमस्कार भन्दै सुन्दरी युवती मुसुक्क मुस्कुराउ छन् । उनको मुस्कान हेरेर उनी खुसीले मुस्कुराइकि भन्ने सोच्नु वास्तविकता होइन । त्यो मुस्कान उनको व्यवसायिक र जहाज कम्पनीको व्यापारिक नक्कली मुस्कान हो । हामीलाई चाहिएको अन्तर्यको खुसी र सुख हो । अरुको व्यवहारमा खुसी खोज्ने होईन कि आफै रमाउन जान्नु पर्दछ । अरुले उम्मिद पूरा गरिदिलान भन्नु दु:ख निम्त्याउनु हो । जीन्दगी जीउन जान्नु पर्छ, जीन्दगी कटाउन होइन् । दर्पणमा अनुहार छैन्, वैभवमा वास्तविक सुख छैन्,सुविधा मात्र छ । केवल देखिन्छ मात्र । आवश्यकताका श्रृङखला छन्, कहिले सकिदैनन् । दुनियाँमा भिडभाड छ, जति सुकै ठूलो भिडमा भए पनि व्यक्तिको गणना एउटा हो । अच्छाई र सच्चाई हामी भित्र छैन् भने दुनियाँमा खोजेर पाइँदैन । जसरी सत्य बोल्नका लागि कुनै तयारी चाँहिदैन, सत्य सधै मनबाट आउँछ । त्यसै गरी खुसी हुन ठूला-ठूला सुविधा र साधन हुनु पर्छ भन्ने छैन् । जे शेष छ हामीसँग त्यसैलाई विशेष बनाउन सक्नु पर्छ, नत्र आफै अवशेष भइन्छ । जति सुकै खरवपति भए पनि मरेर जाँदा वैभवसँगै लैजादैन । रित्यै जन्म्यो, रित्यै मर्यो, जीवन भर अनावश्यक संग्रहका लागि माथापिच्छे किन जीवित रहने भनेको जीव कल्याण, समाज र राष्ट्रप्रति सर्मपित योगदान हो । आफ्नो दर्द थाहा पाउनु जीवित हुनुको प्रमाण हो,अरुको दर्द थाहा पाउनु मनुष्य हुनुको प्रमाण हो । जीवन सार्थक बनाऊ, दु:ख भागाऊ, खुसी जगाऊ, सुखी बनौं । युवामा राष्ट्रभक्ति, स्वदेशमा रहनुको सार्थकताको मूल्यबोध कायम गराउन जरुरी छ ।

नैतिक शिक्षा धर्मका विषयमा मात्र होइन, कर्मका विषयमा जोडेर पाठ्यक्रम निर्माण हुनु अति आवश्यक छ । इन्टरनेट र मोवाइलले एकालकाटे बन्न लागेका युवालाई राष्ट्रनिर्माणको एकान्तमा जोड्नु परेको छ । एकं अन्त्य अर्थात् एकको अन्त्य गरि पारिवारिक, सामाजिक र राष्ट्रका सम्पत्ति बनाउन विलम्व गरियो भने भूगोल मात्र रहने छ । हाम्रा बाजे बज्यै, बाउ आमामा रहेको खुसी अहिले हामीमा ह्रास भै सक्यो । स्वदेशमा युवा टिकाउन नसके सम्मृद्धि हुने छैन् । खुसी लुटिने छ, सुख हराउने छ, दु:खले बास गर्ने छ । अमन्त्रम् अक्षरनास्ति नास्तिमूल औषधम् अयोग्य पुरुषोनास्ति योजक तत्रदुर्लभम् । अर्थात् मन्त्र नबन्ने अक्षर हुँदैन, औषधि नहुने जडिबुटि हुँदैन, कुनै न कुनै काममा सीप नभएका मान्छे हुँदैन । यथा गुण , सामर्थ्य उपयोग हुनु पर्दछ । तर यि सबैलाई यथा संयोजन गर्न सक्ने व्यक्ति दुर्लभ छ । सिंह पानीमा बस्दैन, माछा जंगलमा बस्दैन ।अहिले हामीकहाँ ईमान्दार वफादार दृढ ईच्छाशक्ति भएका नेतृत्वको अभाव खट्किएको छ । स्वदेशमा बसेर जीवन निर्वाह गर्न सकिन्छ भन्ने विश्वास युवामा गुमेको छ । आशा, भरोषा, विश्वास सिर्जना गर्ने नेतृत्वको खाडल छ । एकअर्काको खेदो खनेर, अपमान गरेर, वितृष्णा र घृणा गरेर राष्ट्र बन्दैन । आशा र भरोषा जगाउने सवल र विश्वसनीय नेतृत्व नपाए युवा देशमा रहने छैनन्, युवा नभए देश संमृद्ध बन्ने छैन, सुख र खुसी छाउने छैन ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । | **तुला** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्ला । |
| **वृष** :नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। | **बृश्चिक** :मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । |
| **मिथुन** :श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । | **धनु** :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| **कर्कट** :अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला । | **मकर**:दायाँ हातमा लक्ष्मीको वास हुनाले मनग्य आम्दानी भित्याउने अवसर प्राप्त हुनेछ। |
| **सिंह** :कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ । | **कुम्भ** :तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू समेत बढ्नेछन् । |
| **कन्या** :ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। | **मिन** :धेरै खर्चको माहोल देखिए पनि धैर्यले काम लिँदा फाइदा हुनेछ । |

## कला मनोरञ्जन

# 'भ्वाइस' स्टेजमा सानदार प्रस्तुति



सांगीतिक रियालिटी शो 'द भ्वाइस अफ नेपाल'को पछिल्ला दुवै एपिसोड पनि खास रहे । ट्यालेन्टले आफ्नो प्रतिभामार्फत कुर्सी घुमाउन कोचलाई बाध्य तुल्याए । सानदार प्रस्तुति दिएर केही ट्यालेन्ट छनोट हुँदा केही भने छनोट हुन सकेनन् । पछिल्ला एपिसोडमा प्रतिस्पर्धा कसिलो बन्न थालेपछि कोच पनि छनोटमा चुजी भनेको प्रष्ट देखियो । जसले गर्दा, छनोट हुने सम्भावनाका ट्यालेन्ट पनि छनोट भएनन् । जसले गर्दा भ्वाइसका पछिल्ला एपिसोड चाखलाग्दो र प्रतिस्पर्धात्मक बनिरहेको देखिएको छ । 'अब पछिसम्मको लागि हेरेर मात्र प्रतिस्पर्धामा उत्रने खरो ट्यालेन्ट छनोट गर्न जरुरी देखिएको छ' शनिबारको एपिसोडमा कोच राजु भन्दै थिए । कोच मेलिना राईले पनि आउने ट्यालेन्टबीच १९/२० को फरक भएपनि प्रतिस्पर्धा हेरेर छनोट गर्न आफूहरू बाध्य भएको बताइन् । जसले गर्दा, ब्लाइन्ड अडिसनका पछिल्ला एपिसोड प्रतिस्पर्धात्मक हुने देख्न सकिन्छ । यो पटकको ब्लाइन्ड अडिसनमा प्रतिस्पर्धीले आफूलाई योग्य सावित गर्न कठिन प्रयास गर्नुपऱ्यो । यस सिजनमा २५ प्रतिस्पर्धीले चारै कोचको कुर्सी घुमाउन सफल भएको खबर पहिले नै सार्वजनिक भइसकेको थियो । अब पछिल्लो एपिसोड ५ र ६ मा पनि ५ जना प्रतिस्पर्धीले चारै कोचको कुर्सी घुमाउन सफलता प्राप्त गरेका छन् । खोटाङका ३७ वर्षीय रोशन राईले नारायण गोपालको कालजयी गीत 'लौ सुन म भन्छु' गाएर सबैको ध्यान खिचे । उनको आवाजमा गहिराइ र मिठास थियो जसले कोचलाई आकर्षित तुल्यायो । राईले कोच मेलिनाको टीम रोजे र यसलाई आफ्नो संगीत यात्रा सुरु गर्ने मौका माने । 'मैले पहिले पनि गीत गाएको छु, तर भ्वाइसको स्टेजले मलाई मेरो असल क्षमता देखाउन अवसर दियो' उनले भने । उदयपुरकी २३ वर्षीय पम्फाकुमारी राईले 'राई माइलाले गावैं छोड्यो' गीत गाएर चारै कोचको कुर्सी घुमाइन् । कभर गीत गाउँदै आएकी थिइन् उनले भ्वाइसको स्टेजमा आएर नयाँ किसिमको संगीत अनुभव गर्न चाहेको बताइन् । उनले कोच उदयको टीम रोजिन् र यसलाई आफूले चाहेको संगीत दिशा अपनाउने अवसर मानिन । इलामका २१ वर्षीय प्रमेश राईले पुष्पण प्रधानको 'एउटा सपना छ' गीत गाएर सबैको मन जिते । प्रमेशको आवाजमा छुट्टै पावर थियो, जसले कोचलाई आकर्षित गऱ्यो । जहाँ उनले कोच राजु लामाको टीम रोजे । दीपकले ४ बर्षदेखि संगीत सिक्दै आएका छन् । 'आफ्नो शिक्षा र संगीतलाई सँगै लैजाने इच्छा छ' उनले भने । पिटु गहतराजले दीपानारायण झाको 'भुलिगए सम्झना' गाएर चारै कोचको कुर्सी घुमाइन् । पिटुको आवाजमा त्यस्तो विशेषता थियो जसले कोचलाई निकै प्रभावित तुल्यायो । संगीतमा भविष्य बनाउने सोचका साथ उनी भ्वाइसमा सहभागि थिइन् । उनले कोच उदयको टीम रोजिन् । दीपक विकले मेलिना राईको 'तिमीले बाटो फेरेऊ अरे' गीत गाएर चारै कोचलाई आफ्नो पक्षमा ल्याए । गायक राजेशपायल राईलाई आफ्नो आइडल मानेर आगाडी बढी रहेका दीपकको आवाजले धेरैलाई आकर्षित गऱ्यो । उनले कोच राजु लामाको टीम रोजे । अझै दुई साता ब्लाइन्ड अडिसन चल्नेछ । त्यसपछि सुरु हुने ब्याटल राउण्ड प्रतिस्पर्धात्मक र रोचक हुने अनुमान गर्न सकिन्छ ।

*-अनलाइन खबर डटकम*

# फिल्ममा 'पाँडे' कै गेटअपमा अर्जुन घिमिरे



चर्चित हास्य टेलिसिरियल 'सक्किगोनि' टिमले बनाएको फिल्म 'लाज शरणम्' फागुन १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । यो फिल्ममा उक्त सिरियलका अधिकांशजसो कलाकारहरूले अभिनय गरेका छन्। अरू कलाकार फरकफरक लुक्स र चरित्रमा देखिए पनि अर्जुन घिमिरे 'पाँडे' फिल्ममा पनि सिरियलकै गेटअपमा देखिएका छन् । पोस्टर र टिजरमा पनि यो कुरा खुलाइएको छ । दर्शकले अहिले आफूलाई यही क्यारेक्टरमा मन पराइरहेकाले फिल्ममा पनि राखिएको उनको भनाइ छ । फिल्ममा छोटो तर प्रभावकारी चरित्रमा आफू रहेको अर्जुनले सुनाए । 'सक्किगोनि' का निर्देशकसमेत रहेका उनी 'लाज शरणम्' मा कार्यकारी निर्माता पनि हुन् । उनले आफूहरूको चार वर्षको मेहनतपछि फिल्म बनेको बताएका छन् । फिल्मको कथा लेख्न थालेको करिब चार वर्षपछि 'लाज शरणम्' बनेको उनको भनाइ छ । 'लाज शरणम्' ले कर्णालीका आम नागरिकको कथा भन्ने उनले बताए । उनका अनुसार कर्णालीमा आम नागरिकले भोगिरहेको कथा र उनीहरूको जीवनसँग खेलबाड गर्ने उपल्लो वर्गको कथा फिल्ममा देख्न पाइने उनी बताउँछन् । डार्क कमेडी फर्ममा कथा भन्ने उनले प्रष्ट पारेका छन् । 'डार्क ह्युमर कमेडी फर्ममा कसरी हसाउँदा हसाउँदै गम्भीर कथा भन्न सकिन्छ भनेर हामीले सिनेमाको यो कथा भनेका छौं', अर्जुन भन्छन्, 'हामीले हाम्रो करियरको यो लामो समय टेलिचलचित्रमार्फत दर्शकलाई हसायौँ । अब सिनेमामार्फत हसाउने प्रयास गर्दैछौं ।' सिरियलमा जस्तै फिल्ममा पनि दर्शकको साथ रहनेमा आफूहरू ढुक्क रहेको उनी बताउँछन् । 'लाज शरणम्' कुमार कट्टेल (जिग्री) ले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा सिताराम कट्टेल (धुर्मुस), मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अपर्ण थापा, रेणू योगी, कमलमणि नेपाल, माला लिम्बू, 'सक्किगोनि' टिमका कलाकारहरू अर्जुन घिमिरे (पाँडे), सागर लम्साल ( बले), हरिष निरौला (ऋकोज), प्रियाना आचार्य (मुन्नी) लगायतका कलाकारहरू छन् ।

जेपिटी क्रियसनको ब्यानरमा निर्माण भएको फिल्ममा नवीन श्रेष्ठ निर्माता, राम नरेश शाह र सृजना खड्का सह-निर्माताको रूपमा छन् । फिल्मलाई सुदीप बरालले छायांकन गरेका हुन् । महाशिवरात्रिको अवसर पारेर फिल्म प्रदर्शनमा आउन लागेको हो ।

*-सेतोपाटी डटकम*

# 'साली ज्यू'मा केटाको गेटअपमा केटीको नृत्य



बाल विवाह र महिला हिंसाविरुद्धको कथामा बनेको फिल्म 'जुना : एक व्यथा'को रत्यौली गीत 'साली ज्यू' सार्वजनिक गरिएको छ । गीतमा पूर्णकला बिसीको स्वर, भीमबहादुर पौडेलको शब्द रचना तथा बीबी अनुरागीको संगीत रहेको छ । सार्वजनिक गीतको भिडियोमा बिनु कार्की, अस्मिता बस्नेत र नेहा गौतमको नृत्य देख्न सकिन्छ । विवाहको दिन बेहुला जन्ती लिएर बेहुलीको घरमा हिँडिसकेपछि त्यस राति महिलाहरुले नाच्ने रत्यौलीलाई प्रस्तुत गरिएको गीतमा भिनाजु र साली बनेर दुई युवतीले नृत्य गरेका छन् । भिनाजु बनेकी युवती केटाको गेटअपमा छिन् । गोदावरी फिल्म प्रोडक्सन एण्ड रिसर्चको व्यानरमा निर्माण भएको फिल्मलाई जीवन सेञ्चुरीले निर्देशन गरेका हुन् । निर्माातामा दीपकप्रसाद घिमिरेले छन् । यही माघ २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, अनिता बस्नेत, कमल बोहोरा र खगेन्द्र न्यौपानेको अभिनय छ । फिल्ममा राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदु राई लकान्द्रीको स्वर र रामेश्वर हुमागाईंको डिओपी छ । फिल्मको यसअघि थुप्रैपटक च्यारिटी शो भइसकेको छ । केही ठाउँमा फिल्म हेरेर दर्शक बेहोस समेत भएका थिए । यसैले फिल्मप्रति दर्शकमा अपेक्षा उच्च देखिएको छ ।

*-फिल्मी खबर डटकम*

# 'जनै हराएको बाहुन'को छायांकन चैतमा




अभिनेता विजय बरालको मुख्य अभिनय रहने फिल्म हो 'जनै हराएको बाहुन' । फिल्मको छायांकन आगामी चैतबाट सुरु हुनेछ । फिल्म हिमाल न्यौपानेले निर्देशन गर्दैछन् । हिमाल यसै फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । 'प्रेमगीत ३'का अभिनेता मनिष राउत एसोसिएट निर्देशक रहने फिल्मलाई पेपरक्लिप प्रालिले निर्माण गर्न लागेको हो । कथा, पटकथा तथा संवाद भानुभक्त ढकालको रहने फिल्मको निर्माता सीआर बस्नेत, कमल न्यौपाने, आरके मानन्धर, विमल न्यौपाने, फिलिप डिसी र निशान्त श्रेष्ठ छन् । गाउँबाट सहर आएको एक सामान्य व्यक्तिले भोग्ने अनपेक्षित घटना र त्यसले उनको जीवनमा ल्याउने परिवर्तनको कथा फिल्मले उठाउने निर्देशक न्यौपानेले बताए । नवीन गुरुङको छायांकन रहने फिल्मको क्रिएटिभ निर्देशकमा सम्राट महर्जन (ज्याक) रहेका छन् भने भीएफक्स सुपरभाइजरको रूपमा मयंक निरौला रहेका छन् । फिल्मका लागि अन्य कलाकार र प्राविधिक टोली केही दिनमै टुङ्गो लाग्नेछन् । फिल्मका गीतमा शब्द तथा संगीत अर्जुन पोखरेलको रहनेछ । यस्तैमा निर्माण युनिटले फिल्मको थिम पोस्टर र केही संवाद सार्वजनिक गर्दै पुरस्कार अफर समेत बाहिर ल्याएको छ । थिममा रहेको गीत गाएर टिकटक बनाएर पोस्ट गर्नेले फिल्मको गीत गाउने अवसर प्राप्त गर्नेछ । प्राप्त स्वरमध्ये उत्कृष्ट स्वरलाई फिल्मको गीत गाउने अवसर दिने निर्देशक न्यौपानेले बताए ।

*-रातोपाटी डटकम*

# नेपाल-चीन सांस्कृतिक झल्किने वृत्तचित्र प्रदर्शनी



***युंक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को गैर-भौतिक सांस्कृतिक सम्पदामा सूचीकृत भएपछिको चिनियाँ नव वर्ष स्प्रिङ फेष्टिभल विश्व चासोको विषय बनेको छ । यसै सन्दर्भमा अघिल्लो वर्षको वसन्त चाड गाला प्रदर्शन गरिएको थियो । प्राविधिक चमत्कार, कुङ्फु कलालगायत परम्परागत चिनियाँ शैलीका सामग्रीले गहिरो छाप पारेको भिडियो हेरेका बालबालिकाले बताए ।***

नेपाल-चीन सांस्कृतिक तथा परम्परागत मित्रतालाई उजागर गर्ने उद्देश्यले काठमाडौंको दरबार हाइस्कुलमा छोटो तथा लामो वृत्तचित्र प्रदर्शन गरिएको छ । चाइना मिडिया ग्रुप (सीएमजी) ले तयार पारेका यी वृत्तचित्रमा नेपालको सीमा क्षेत्रमा अवस्थित तिब्बत अर्थात् सिचाङ स्वशासित क्षेत्रका तिब्बती भिक्षुहरूको दैनिकी, जीवनशैली, नेपाल-चीन हिमाली क्षेत्रको पर्यावरण, तिब्बती आली प्रिफेक्चर र नेपालका हुम्लालगायत सीमावर्ती जिल्लाबीचको सीमा व्यापार, सिचाङमा आधुनिक कृषि प्रणालीको उन्नयनलगायत अहिले तीव्र गतिमा विकसित भइरहेको एआई प्रविधिको सहयोगमा निर्मित नेपाल-चीन सम्पदा संवाद र चिनियाँ नव वर्ष गालासम्बन्धी मनोरञ्जनात्मक सामग्री रहेका छन् । काठमाडौंको दरबार हाइस्कूलमा नेपाल-चीन मैत्रीपूर्ण सम्बन्ध तथा चिनियाँ सर्प वर्षको सन्दर्भ पारेर चाइना मिडिया ग्रुप सीएमजी नेपाली विभागले यस्तो वृत्तचित्र प्रदर्शन गरेको हो ।

विसं २०७२ बैशाखको विनाशकारी भूकम्पपछि ध्वस्त भएको दरबार हाइस्कुललाई चीन सरकारको सहयोगमा पुनर्निर्माण गरिएको हो भने तिनै कक्षाकोठामा झण्डै आधा दर्जन लामा तथा छोटा वृत्तचित्र देखाइएको थियो । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन ( युनेस्को) को गैर-भौतिक सांस्कृतिक सम्पदामा सूचीकृत भएपछिको चिनियाँ नव वर्ष स्प्रिङ फेष्टिभल विश्व चासोको विषय बनेको छ । यसै सन्दर्भमा अघिल्लो वर्षको वसन्त चाड गाला प्रदर्शन गरिएको थियो । प्रदर्शित नव वर्ष गालामा चिनियाँ नवाचार, वैज्ञानिक तथा प्राविधिक चमत्कार, कुङ्फु कलालगायत परम्परागत चिनियाँ शैलीका सामग्रीले गहिरो छाप पारेको भिडियो हेरेका बालबालिकाले बताए । शिक्षक र विद्यार्थीहरूले चीनबाट ल्याइएका वृत्तचित्रहरू हेरेपछि चीनबारे थाहा नपाइएका धेरै कुरा जान्ने अवसर मिलेको प्रतिक्रिया दिएका थिए ।

*-इहिमालय टाइम्स डटकम*

# श्रमिकलाई सीप विकास तालिम



**पाल्पा(रामपुर),** माघ २२/जिल्लाको रामपुरमा श्रमिकहरुका लागि सीप विकास तालिम दिन थालिएको छ । रामपुर नगरपालिकाको आयोजना र लुम्बिनी पोलिटेक्निकल इन्ष्टिच्युट बुटवल रुपन्देहीको सहजीकरणमा सडक मर्मतकर्मीहरुका लागि ५० दिने तालिम दिन थालिएको हो ।

नगरपालिकाले नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रमको युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत श्रमिकहरुका लागि कार्यस्थलमा आधारित तथा जीवन उपयोगी सीप विकास सम्बन्धी तालिम मंगलबारदेखि दिन सुरु गरेको नगरपालिकाका प्रेस संयोजक दानु हिस्कीले जानकारी दिए । उनका वडा नं.२, ४, ६, ७ र ८ नम्बर वडाबाट छनौट भएका सडक मर्मतकर्मीहरुका लागि तालिम दिन थालिएको हो । प्राथमिकिकरणको आधारमा वडा/वडाबाट छनौट भएका सुचिकृत बेरोजगारहरुलाई तालिम दिइएको छ । तालिमको रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले शुभारम्भ गरेका हुन् । तालिमको शुभारम्भ गर्दै उनले मानिसको जीवनमा सीप महत्वपूर्ण हुने बताए । उनले ज्ञान र सीपलाई पैसासँग तुलना गर्न नहुने भन्दै सक्षम र दक्ष बन्नका लागि सीपको विकास आवश्यक रहेको उल्लेख गरे । आफुसँग ज्ञान सीप र दक्षता भए स्वरोजगार र आत्मनिर्भर बन्न सकिने अधिकृत पण्डितको भनाई छ । रामपुर -५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले दक्षता र सीपले मानिसलाई सफल बनाउने भन्दै आर्थिक समृद्धि पनि सीपबाटै सम्भव रहेको बताए । उनले हरेक व्यक्ति सबै विषयमा दक्ष हुन नसक्ने भन्दै सम्बन्धित विषयमा पूर्ण रुपमा दक्ष बन्न आवश्यक रहेको भन्दै तालिममा सिकाएका कुरा इमान्दारिताका साथ सिक्न आग्रह गरे । रामपुर नगरपालिका रोजगार शाखा प्रमुख गणेश प्रसाद रेग्मीले सडक मर्मत र जीवन उपयोगी सीप विकासका लागि तालिमको आयोजना गरिएको बताए । यसैगरी लुम्बिनी पोलिटेक्निकल इन्ष्टिच्युट बुटवल रुपन्देहीका प्रबन्धक अरुण अर्यालले तालिममा सडक मर्मतसंग सम्बन्धित विभिन्न सीप सिकाईने बताउँदै निरन्तर रुपमा सहभागी भई दक्ष बन्न आग्रह गरे । तालिममा वाल लगाउने,सडक मर्मत कसरी गर्ने, सुरक्षा,उपकरणको प्रयोग लगायतका विविध विषयमा सीप सिकाईने छ । तालिमको लुम्बिनी पोलिटेक्निकल इन्ष्टिच्युटका प्रशिक्षक जनकराज अर्यालले सहजिकरण गरेका छन् । ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलको अध्यक्षता, रोजगार शाखा प्रमुख गणेश प्रसाद रेग्मीको स्वागत र रोजगार सहायक चिरञ्जिवि सिग्देलको सञ्चालनमा तालिम शुभारम्भ कार्यक्रम भएको थियो ।

# रामपुरको मगरेमा कोटघरको शिलान्यास



**पाल्पा,** माघ २२/जिल्लाको रामपुर नगरपालिका -१० मगरेमा मन्दिरको शिलान्यास गरिएको छ । नयाँ बन्ने भिमादेवि कोटघर मन्दिरको एक कार्यक्रमकाबिच शिलान्यास गरिएको हो । मन्दिरको रामपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख तथा उपप्रमुख बालकुमारी थापाले शिलान्यास गरेकी हुन् ।

मन्दिरको शिलान्यास गर्दै थापाले धार्मिक महत्वका सम्पदाको संरक्षण तथा प्रवर्द्धनका लागि नगरपालिका प्रतिवद्ध रहेको बताइन् । धार्मिक सम्पदाको संरक्षणले धर्मको मात्र संरक्षण नभई यसले संस्कारयुक्त समाज निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको भनाई छ । धर्मले अनुशासन र नैतिकता सिकाउने भएकाले सुसंस्कृत समाज निर्माणका लागि धार्मिक महत्व बोकेका क्षेत्र र सम्पदाको संरक्षण गर्न आवश्यक रहेको उनले उल्लेख गरिन् । फरक प्रसंगमा उनले वडा नं. १०को मगरे गाउँ मगरबस्ती भएकोले यसलाई विभिन्न माध्यमबाट पर्यटकीय नमूना गाउँ बनाउनु पर्नेमा जोड दिइन् । परम्परागत विकृति विसंगति हटाई सु-संस्कृत गाउँको रुपमा विकास गर्न आवश्यक रहेको उपप्रमुख थापाको भनाई छ । सडक पहुँचको हिसाबले केही कष्टकर रहेकाले यो गाउँलाई सरल र सहज रुपमा सडक पहुँचसम्म जोड्ने उनले प्रतिवद्धता समेत व्यक्त गरिन् । थापाले मगरे गाउँको आवश्यकतालाई परिपूर्ति गर्न नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म विकासका लागि कुनै कसर बाँकी नराख्ने पनि उल्लेख गरिन् । १० का वडा अध्यक्ष तोयानाथ सारु थापाले स्थानीय स्तरमा रहेका हरेक धार्मिक सम्पदा र संस्कृतिको संरक्षण गर्नु जनप्रतिनिधको जिम्मेवारी रहेको भन्दै वडाका धार्मिक महत्व बोकेका क्षेत्रको विकासका लागि प्रतिवद्ध भएर लागेको बताए । उनले निर्माण पश्चात कोटघरको संरक्षण र निरन्तरताका लागि स्थानीयले सक्रियताका साथ भूमिका निर्वाह गर्नु पर्ने उल्लेख गरे । वडा अध्यक्ष सारुले मगरे गाउँलाई पर्यटकीय क्षेत्र होमस्टेको रुपमा पनि विकास गर्न आवश्यक रहेको बताए । मन्दिर निर्माण समितिका अध्यक्ष विष्णु बहादुर कुँवरले गाउँमा रहेको धार्मिक सम्पदाको संरक्षणसँगै स्थानीयको आवश्यकतालाई परिपूर्ति गर्न माग गरे । यस्तै विनोद कुँवरले गाउँसम्म पुग्नका लागि सहज सडकको विस्तार तत्काल गर्नु पर्ने, खानेपानी, विद्यालयको संरचना पुननिर्माण गर्नु पर्ने, एकिकृत बंगुर खोर निर्माण गर्नु पर्ने लगायतका माग राखेका थिए । वडा कार्यालयको २ लाख ५० हजार, चन्दादाताको सहयोग र जनश्रमदानमा मन्दिर निर्माण गरिने छ । शिलान्यास कार्यक्रम मन्दिर निर्माण समितिका अध्यक्ष विष्णु बहादुर कुँवरको अध्यक्षता, चित्र कुँवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# नेपाल थाइल्याण्डसँग ५ रनले पराजित



**काठमाडौं,** माघ २२/ त्रिदेशीय महिला टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलामा नेपालले लगातार चौथो हार बेहोरेको छ । मंगलबार भएको खेलमा थाइल्यान्डले नेपाललाई ५ रनले हरायो । थाइल्यान्डले दिएको १ सय ७ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ८ विकेट गुमाएर १ सय १ रनमात्र बनाउन सक्यो । नेपालका शीर्ष क्रमका ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । नेपालका रुबिना क्षेत्रीले २६, कविता जोशीले २४, रोमा थापाले नटआउट १९, पूजा महतोले १८ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । थाइल्यान्डकी थिपाचा पुथावोङ्गले ४ विकेट लिइन् । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको थाइल्यान्डले २० ओभरमा ६ विकेट गुमाएर १ सय ६ रन बनायो । थाइल्यान्डका चानिदा सुथिरुआङ्गले २७, थिपाचा पुथावोङ्गले २५ रन बनाए । थाइल्यान्डले ५६ रनमा ६ विकेट गुमाएको अवस्थामा सातौं विकेटका लागि चानिदा र थिपाचाले नटआउट ५० रनको साझेदारी गरे । नेपालकी मनिषा उपाध्यायले ३ विकेट लिइन् । नेपालले यसअघि नेदरल्यान्ड्ससँग २ पटक र थाइल्यान्डसँग १ पटक पराजित भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# पाल्पामा ५२ करोड ७६ लाख बढीको सुन्तला बिक्री



**रामपुर (पाल्पा),** माघ २२/यसवर्ष जिल्लामा नौ हजार ९८ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत वर्ष आठ हजार आठ सय ६१ मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । अघिल्लो वर्षभन्दा यसपटक तीन सय ३७ मेट्रिक टन उत्पादन बढेको हो ।

यस वर्ष ५२ करोड ७६ लाख ८४ हजार बराबरको सुन्तला बिक्री भएको केन्द्रका प्रमुख सन्तोषकुमार चौधरीले जानकारी दिए । उनका अनुसार गत वर्ष ४६ करोड सात लाख ७२ हजार बराबरको सुन्तला बिक्री भएको थियो । छ करोड ६९ लाख १२ हजार बराबरको रकम अघिल्लो वर्षभन्दा बढी यस वर्ष सुन्तला बिक्रीबाट जिल्लामा भित्रिएको छ । 'सुन्तलाबाट राम्रो आम्दानी हुने भएपछि पछिल्लो समय यहाँका किसान व्यावसायिक उत्पादनमा लागेका छन, अघिल्लो वर्षको तुलनामा यस वर्ष उत्पादन क्षेत्र बढेको छ, बजारीकरण सहज भएको छ', उनले भने । रैनादेवीछहरा गाउँपालिकामा चार सय ५२ हेक्टर क्षेत्रफलमा तीन हजार छ सय ३९ मेट्रिक टन, रिब्दिकोटमा तीन सय ९६ क्षेत्रफलमा तीन हजार एक सय ८४ मेट्रिक टन, बगनासकालीमा एक सय १३ हेक्टरमा नौ सय १० मेट्रिकटन, पूर्वखोला गाउँपालिकामा ९० हेक्टरमा सात सय २८ मेट्रिक टन, तानसेन नगरपालिकामा ६८ हेक्टरमा पाँच सय ४६ मेट्रिक टन र माथागढी गाउँपालिकामा ११ हेक्टरमा ९१ मेट्रिक टन सुन्तला उत्पादन भएको छ । जिल्लामा सुन्तला उत्पादनका लागि एक हजार एक सय ९६ हेक्टर क्षेत्रफल रहेता पनि एक हजार एक सय ३० हेक्टर क्षेत्रफल उत्पादनशील क्षेत्र हो । जिल्लाका दश पालिकामध्ये छवटा पालिकामा व्यावसायिक हिसाबले सुन्तला हुने गरेको छ । अन्नबालीको तुलनामा सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसानले व्यावसायिक उत्पादनमा जोड दिएका छन् । *-रासस*


हार्दिक बधाई तथा शुभकामना





डाँसुराम पन्थ
अध्यक्ष


अशेष भट्टराई
उपाध्यक्ष


गंगाबहादुर खत्री
सचिव


रुपचन्द थापा
नगर अध्यक्ष


दुर्गा प्रसाद बस्याल
कोषाध्यक्ष

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाको तानसेनमा भएको नवौं जिल्ला अधिवेशनबाट हाम्रा शुभेच्छुक, मित्र तथा शैक्षिक, सामाजिक व्यक्तित्वहरु **डाँसुराम पन्थ अध्यक्ष, अशेष भट्टराई** उपाध्यक्ष, **गंगाबहादुर खत्री** सचिव, **रुपचन्द थापा नगर** अध्यक्ष, **दुर्गा प्रसाद बस्याल** कोषाध्यक्ष जस्ता गरिमामय पदमा र सदस्यहरुमा ताजेन्द्र कुमार थापा, दिलिप रायमाझी, क्याप्टेन देवबहादुर मश्राङ्गी, ऋषिराम अर्याल, टेकबहादुर कार्की, अनुराधा बज्राचार्य, गोपालबहादुर पि.सी, लक्ष्मण भण्डारी,जीवन रायमाझी,गणेश बस्याल, शिष्टर एनिस जोसेफ निर्विरोध निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

ज्योति कार्की रायमाझी — कोषाध्यक्ष
विष्णु खनाल — सचिव
एवं
रामप्रसाद पन्थी — अध्यक्ष

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ
पालपा शाखा परिवार



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई